जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# धनगढी उप-महानगरपालिका

## स्थानीय राजपत्र

**खण्डः६** **संख्याः ०४** **मितिः२०७९/०९/२५**

## भाग-०१

## धनगढी उप-महानगरपालिका

# धनगढी उप—महानगरपालिकाको बजार व्यवस्थापन सम्वन्धी ऐन, २०७९

**नगरसभाबाट स्वीकृत मितिः २०७९।०९।२५**

**राजपत्रमा प्रकाशन मितिः२०७९।०९।२८**

**प्रस्तावनाः** धनगढी उप-महानगर क्षेत्रको स्थानीय व्यापार,स्थानीय वस्तु र सेवाको माग, आपूर्ति, मूल्य तथा गुणस्तरको अनुगमन, उपभोक्ता अधिकार तथा हित संरक्षण र सम्वर्धन सम्वन्धी नीति ,मापदण्ड, कार्यान्वयन र नियमन गर्न कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान धारा ५७ (४) तथा अनुसुची ८ मा भएको अधिकार प्रयोग गरी २२६ बमोजिम धनगढी उप-महानगरपालिकाको नगर सभाले पारित गरी यो ऐन बनाएको छ ।

धनगढी उपमहानगरपालिका राजपत्र

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम “धनगढी उप-महानगरपालिकाको बजार व्यवस्थापन ऐन, २०७९” रहेको छ।

(२) यो ऐन नगर सभाबाट स्वीकृत भई धनगढी उप-महानगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “प्रमुख” भन्नाले धनगढी उप-महानगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।

(ख) “उप-प्रमुख” भन्नाले धनगढी उप-महानगरपालिकाको नगर उप-प्रमुखलाई सम्झनु पर्दछ।

(ग) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले धनगढी उप-महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(घ) “अनुचित व्यापारिक क्रियाकलाप” भन्नाले यस ऐनको दफा १० बमोजिमको क्रियाकलाप सम्झनु पर्दछ।

(ङ) “उपभोक्ता” भन्नाले कुनै वस्तु वा सेवा उपभोग वा प्रयोग गर्ने व्यक्ति वा संस्था सम्झनु पर्दछ।

(च) “उपभोक्ता संस्था’ भन्नाले उपभोक्ता हित संरक्षण तथा सम्वर्द्धन उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना भएको संस्था वा त्यस्तो संस्थाको नगर स्तरीय शाखा समेतलाई सम्झनु पर्दछ।

(छ) “गुणस्तरहीन वस्तु” भन्नाले यस ऐनको दफा १९ बमोजिमको अवस्था भएको वा रहेको उपभोग्य वस्तु सम्झनु पर्दछ।

(ज) “गुणस्तरहीन सेवा” भन्नाले कुनै सेवाको गुणस्तर तोकिए वा दाबी गरिएकोमा त्यस अनुरूप नभएको भन्ने सम्झनु पर्दछ।

(झ) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन बमोजिमको नियम, कार्यविधि, निर्देशिका तथा कार्यपालिकाको निर्णयबाट वा प्रचलित नेपाल कानूनद्वारा तोकिएको भए सो बमोजिम तोकिएको सम्झनु पर्दछ।

(ञ) “नगरपालिका वा उप-महानगरपालिका” भन्नाले धनगढी उप-महानगरपालिका सम्झनु पर्दछ।

(ट) “निरीक्षण अधिकृत” भन्नाले यस ऐनको दफा २६ बमोजिम नियुक्त निरीक्षण अधिकृत सम्झनु पर्दछ ।

(ठ) “वस्तु” भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तुको सम्मिश्रणबाट बनेको पदार्थ सम्झनु पर्दछ र सो शब्दले उपभोग्य वस्तुको निर्माणमा प्रयोग हुने कच्चा पदार्थ, रङ, सुगन्ध वा रसायनलाई समेत जनाउँछ । सो शव्दले मूल्य लिई वा नलिई बिक्री वितरण गरिने सबै प्रकारका वस्तुलाई जनाउनेछ।

(ड) “बजार अनुगमन टोली” भन्नाले नगर कार्यपालिकाबाट यस ऐनको दफा २३ बमोजिम गठन गरेको बजार अनुगमन टोली सम्झनु पर्दछ।

धनगढी उप-महानगरपालिका राजपत्र

(ढ)“प्रदायक” भन्नाले मूल्य वा दस्तुर वा पारिश्रमिक लिई वा नलिई सबै प्रकारका वस्तु वा सेवा बिक्री वितरण गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनुपर्दछ।

(ण)“लेवल” भन्नाले उपभोग्य वस्तु वा उपभोग्य वस्तु राखिएको भाँडो वा त्यस्तो उपभोग्य वस्तु वा उपभोग्य वस्तुमा लेखिएको, छापिएको, लिथो गरिएको, चिह्न लगाइएको, इम्बोर्स गरिएको, समावेश गरिएको वा अन्य कुनै किसिमले देखाइएको ट्याग, चिन्ह, तस्विर वा अन्य विवरणात्मक संकेत सम्झनु पर्दछ।

(त)“समिति” भन्नाले दफा २१ बमोजिम गठित बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिलाई सम्झनु पर्दछ।

(थ)“सेवा” भन्नाले, विद्युत्, खानेपानी, टेलिफोन, सूचना प्रविधि, सञ्चार, ढलनिकास, वितरण, शिक्षा, वातावरणीय, बैंक तथा वित्तीय, स्वास्थ्य र सामाजिक सेवा, पर्यटन, मनोरञ्जन तथा खेलकुद सेवा, निर्माण तथा इन्जिनियरिङ सेवा, यातायात, ढुवानी, चिकित्सा लगायतका दस्तुर वा पारिश्रमिक लिई वा नलिई प्रदान गरिने सम्पूर्ण सेवाहरूलाई सम्झनु पर्दछ।

(द)“स्थानीय बजार” भन्नाले धनगढी उप-महानगरपालिका क्षेत्रभित्रको वस्तु वा सेवा बजार सम्झनुपर्दछ।

## परिच्छेद -२
## बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षणसम्बन्धी

### ३. नगरपालिकाले बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षणसम्बन्धी गर्ने कार्यहरू:

(१) उपमहानगरपालिकाले स्थानीय बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षणसम्बन्धी देहायका कार्यहरू गर्नेछः

(क) स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन सम्बन्धी नीति, कानून, मापदण्डहरू तर्जुमा गरी कार्यान्वयन र नियमन गर्ने,

(ख) बजार तथा हाट बजार सञ्चालन र व्यवस्थापन गर्ने,

(ग) स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमनको काम गर्ने,

(घ) स्थानीय व्यापार र वाणिज्यसम्बन्धी पूर्वाधार निर्माण गर्ने,

(ङ) स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन गर्ने,

(च) स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन गर्ने,

(छ) स्थानीय व्यापारको तथ्यांक प्रणाली र अध्ययन अनुसन्धान गर्ने,

(ज) निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने,

(झ) स्थानीय व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन गर्ने,

(ञ) स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखांकन गर्ने,

धनगढी उप-महानगरपालिका राजपत्र

(ट) उपभोक्ता सचेतना अभिवृद्धि, उपभोक्ता जागरण तथा सशक्तीकरण, उपभोक्ताको गुनासो व्यवस्थापन, जागरूक उपभोक्ता तथा नैतिकवान विक्रेतालाई प्रोत्साहन गर्ने, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण गर्ने,
(ठ) स्थानीय स्तरमा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचबिखन र उपभोग तथा वातावरणीय प्रदूषण र हानिकारक पदार्थहरूको नियन्त्रण, अनगुमन तथा नियमन गर्ने,
(ड) वस्तु र सेवा बजारको व्यवस्थापन तथा स्थानीय बजारको सुरपरिवेक्षण तथा अनुगमन गर्ने,
(ढ) स्थानीय बजार व्यवस्थापनसम्बन्धी तोकिए बमोजिमको अन्य कार्य गर्ने ।
(२) उपदफा (१) बमोजिम कार्यहरू सम्पन्न गर्न नगरपालिकाले सरोकारवालाहरूसंगको समन्वय, सहकार्य र साझेदारीमा आवश्यक कार्ययोजनासहित बजेट व्यवस्थापन र कार्यक्रम गर्नेछ ।

**४. उपभोक्ताको अधिकारको संरक्षण र सम्वर्द्धन सम्बन्धी व्यवस्थाः**

(१) नगरपालिकाले प्रचलित कानून बमोजिम उपभोक्तालाई प्राप्त अधिकार सम्वर्द्धन र संरक्षण गर्ने ।
(२) उपदफा (१) बमोजिमको अधिकार संरक्षण र सम्वर्द्धनका लागि नीति तथा कार्यक्रम तयार गर्ने।
(३) नगरपालिकाले विश्व उपभोक्ता अधिकार दिवस मनाउन विविध कार्यक्रम सञ्चालन गर्ने।
(४) उपभोक्ताको अधिकार संरक्षण गर्न नगरपालिकाले आवश्यक नीतिगत तथा संस्थागत व्यवस्था गर्ने।
(५) नगरपालिकाले उपभोक्ता हित संरक्षणको लागि वस्तु र सेवाको आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, लेवल, विज्ञापन, आदिको नियमित बजार सुपरिवेक्षण तथा अनुगमनसम्बन्धी व्यवस्था नगर कार्यपालिकाले तोकेबमोजिम हुने ।
(६) नगरपालिका भित्र उपभोक्ता सचेतना अभिवृद्धिसम्बन्धी कार्यक्रम समितिले तोकेबमोजिम हुने।

**५. वस्तु वा सेवाको बजारसँग सम्बद्ध पक्षको दायित्वः**

नगरपालिका भित्र वस्तु वा सेवा प्रदान गर्ने प्रत्येक उत्पादक, आयातकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, बिक्रेता र सेवा प्रदायकले प्रचलित कानून बमोजिमको दायित्व पूरा गर्नुपर्नेछ ।

## परिच्छेद -३
## दर्ता, अनुमति, सिफारिस, नवीकरण र खारेजीसम्बन्धी व्यवस्था

**६. व्यवसाय दर्ता तथा स्वीकृति सम्बन्धी व्यवस्थाः**

(१) नगरपालिका क्षेत्र भित्र बिक्री वितरण गर्ने उद्देश्यले स्थापित वस्तु वा सेवाका उत्पादक, आयातकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, संकलनकर्ता लगायतका प्रदायक वा बिक्रेताले आफ्नो कारोवार सञ्चालन गर्दा नगरपालिकामा दर्ता वा अनुमति लिई कारोबार सञ्चालन गर्नुपर्नेछ ।
(२) नगरपालिका क्षेत्रभित्र कुनै वस्तु वा सेवा व्यवसाय गर्ने उद्देश्यले स्थापित हाट बजार, होमस्टे, महोत्सव, मेला वा पर्या–पर्यटनसँग सम्बन्धित ऱ्याफ्टिङ, क्याननिङ, प्याराग्लाइडिङ, यातायात, पार्लर

लगायतका व्यवसाय कारोबार सञ्चालन गर्दा नगरपालिकामा दर्ता वा अनुमति लिई कारोबार सञ्चालन गर्नुपर्नेछ ।

(३) प्रदायक वा विक्रेताले आफूले सञ्चालन गर्ने कारोबारको प्रचलित संघ र प्रदेश कानूनबमोजिम दर्ता स्वीकृति लिनुपर्ने भए लिएको प्रमाणसमेत आवेदनका साथ पेस गर्नु पर्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिम पेस भएको दर्ता वा अनुमतिको आवेदनउपर नगरपालिकाले छानबिन गरी दर्ता वा स्वीकृत गर्न मिल्ने भए दर्ता वा अनुमति प्रदान गरी दर्ता प्रमाणपत्र उपलब्ध गराउनेछ । दर्ता वा अनुमति गर्न नमिल्ने भए सोको स्पष्ट कारणसहित आवेदन दर्ता भएको मितिले सात दिनभित्र आवेदकलाई जानकारी गराउनु पर्नेछ ।

(५) कुनै वस्तु वा सेवा प्रदायक वा विक्रेताका हकमा दर्ता वा अनुमति प्रदान गर्नुअघि कुनै निश्चित शर्त पालना गर्नुपर्ने गरी कार्यपालिकाले दर्ता वा अनुमति दिन सक्नेछ ।

(६) नगरपालिकाभित्र कुनै उद्योग वा वस्तु वा सेवा प्रदान गर्ने उद्देश्यले कसैले प्रचलित कानून बमोजिम कुनै फर्म, कम्पनी, एजेन्सी, संस्था दर्ता गर्न चाहेमा नगरपालिकाले आवश्यक सिफारिस गर्न सक्नेछ ।

(७) दर्ता, अनुमति तथा सिफारिस सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**७. दर्ता नवीकरण गर्नुपर्नेः** दफा ६ बमोजिमका नगरपालिकामा दर्ता गरिएका उद्योग, फर्म, पसल, कारोबार, व्यवसाय, हाट बजार, मेला, महोत्सव, पर्यटनजस्ता प्रदायकले प्रत्येक वर्ष असोज मसान्तभित्र तोकिएबमोजिम लाग्ने शुल्क वा दस्तुर बुझाई दर्ता वा अनुमति नवीकरण गर्नु पर्नेछ ।

**८. दर्ता तथा अनुमति खारेजीसम्बन्धी व्यवस्था**

(१) नगरपालिकामा दर्ता भएका व्यवसायको दर्ता वा अनुमति देहायको अवस्थामा समितिले खारेज गर्न सक्नेछ ।

(क) लगातार तीन वर्षसम्म नवीकरण नगरेमा,

(ख) उद्देश्य विपरीत काम गरेमा,

(ग) यस ऐन तथा यस ऐन अन्तर्गतको नियमको कम्तीमा तीन पटक उल्लंघन गरेमा,

(घ) स्वीकृति बेगर तोकिएको स्थान भन्दा अन्यत्रै कारोबार सञ्चालन गरेमा,

(ङ) आफूले उत्सर्जन गरेको फोहोर वा अन्य पदार्थको उचित व्यवस्थापन नगरेमा वा वातावरणमा गम्भीर हानी नोक्सानी पुऱ्याएमा,

(च) अनुचित व्यापारिक क्रियाकलाप गरेमा,

(छ) ऐन नियममा तोकिएका अन्य कुराहरू गरेमा।

(२) दर्ता वा अनुमति खारेजी गर्नुअघि सुनुवाइको मौका प्रदान गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको खारेजीको निर्णय उपर सम्बन्धितले थाहा पाएको मितिले १५ दिनभित्र नगर प्रमुख समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम नगर प्रमुखले गरेको निर्णय अन्तिम हुनेछ ।



धनगढी उप-महानगरपालिका राजपत्र

(५) प्रदायक दर्ता वा अनुमतिको खारेजीसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**९. प्रदायकले उद्योग, फर्म, पसल, व्यवसाय सञ्चालन गर्दा मापदण्ड पालना गर्नुपर्नेः**

(१) प्रचलित कानूनले तोकेको गुणस्तर वा मापदण्ड भित्र रही उद्योग, फर्म, व्यवसाय, कारोबार, सेवा प्रदान स्थलको पूर्वाधार तयार गरी प्रदायकले व्यवसाय सञ्चालन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम गुणस्तर वा मापदण्ड नतोकिएको हकमा नगरपालिकाले तोकेको मापदण्ड वा सर्त पालना गर्नुपर्नेछ ।

## परिच्छेद- ४
## अनुचित व्यापारिक क्रियाकलाप र बजार व्यवस्थापन सम्बन्धी व्यवस्था

**१०. अनुचित व्यापारिक क्रियाकलाप गर्न नहुनेः**

कसैले पनि नगरपालिकाभित्र देहाय बमोजिमको अनुचित व्यापारिक क्रियाकलाप गर्न वा गराउन पाइने छैन ।

(१) उपभोग्य वस्तु वा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य, नापतौल, ढाँचा वा बनावट,आदि ढाँटी, लुकाइ, छिपाई वा झुक्याई त्यस्तो वस्तु वा सेवा बिक्री वा प्रदान गर्ने,

(२) झुट्टा वा भ्रमपूर्ण विज्ञापन गर्ने वा भ्रमपूर्ण विज्ञापन गरी वस्तु वा सेवा बिक्री गर्ने वा गराउने,

(३) उपभोग्य वस्तु वा सेवाको हकमा मौखिक, लिखित वा दृश्यबाट देहायका कुनै काम गर्नेः-

(क) कमसल वस्तुलाई विशिष्ट वा गुणस्तर भएको स्तरमान, गुणस्तर, मात्रा, श्रेणी, संरचना, डिजाइन देखाइ बिक्री गर्ने,

(ख) पुनर्निर्मित वा पुराना वस्तुलाई नयाँ हो भनी देखाई वा झुक्याई बिक्री गर्ने,

(ग) घोषित गरिएका कुनै फाइदा नहुने अवस्थामा पनि वस्तु वा सेवाको बिक्री गर्दा झुट्टा र भ्रमपूर्ण रूपमा विज्ञापन वा सूचना प्रसार गर्ने,

(घ) उपभोग्य वस्तुको उपभोगबाट उपभोक्ताको कुनै रोग निको हुने भन्ने तथ्यगत आधार बिना नै त्यस्तो वस्तुको दाबी वा प्रत्याभूति गर्ने वा बिक्री गर्ने ।

(ङ) कुनै उपभोग्य वस्तु वा सेवाको वास्तविक लागतको आधारभन्दा फरक आधारमा उपभोक्ता मूल्यमा भार पर्ने गरी मूल्य निर्धारण गरेमा वा कुनै प्रतियोगिता, चिट्ठा, अवसर आदिको लागतसमेत समावेश गरी मूल्य तय गर्ने वा त्यस्तो मूल्यमा बिक्री गर्ने,

(च) कुनै उपभोग्य वस्तु वा सेवाको मूल्यमा दान, इनाम वा निःशुल्क पाइने अन्य वस्तुको मूल्य वा लागत समावेश गरी मूल्य निर्धारण गर्ने वा त्यस्तो मूल्यमा त्यस्तो वस्तु वा सेवाको बिक्री गर्ने,

(छ) कुनै उपभोग्य वस्तु वा सेवामा तोकिएको गुणस्तर वा मानक भन्दा घटी हुने वा बढी हुने गरी वा त्यस्तो वस्तु वा सेवा उपभोगबाट उपभोक्तालाई हानि, नोक्सानी पुऱ्याउने गरी त्यस्तो वस्तु उत्पादन, मिश्रण वा आपूर्ति वा ओसारपसार वा सञ्चय वा बिक्री गर्ने,

(ज) कुनै उपभोग्य वस्तुको अनुचित सञ्चय वा कृत्रिम अभाव हुने गरी मूल्य बढाउने, जम्माखोरी गर्ने वा बिक्री गर्ने,

(झ) त्रुटिपूर्ण उत्पादनबाट नष्ट भएको वस्तुको मूल्य वा व्यापारिक कारोबारको सिलसिलामा करार भएको वस्तुको मूल्यसमेत अन्य वस्तुको लागत मूल्यमा समावेश गरी बिक्री गर्ने,
(ञ) सक्कली वस्तुलाई विस्थापित गर्न नक्कली वस्तु उत्पादन गर्ने वा त्यस्तो उत्पादनको बिक्री गर्ने,
(ट) बिक्री गरेको वस्तु वा सेवाको बिल वा बिजक जारी गर्न इन्कार गर्ने वा बिल वा बिजक जारी नगर्ने,
(ठ) कुनै उपभोग्य वस्तु उपभोग गर्दा उपभोक्तालाई हानि, नोक्सानी वा क्षति पुग्ने गरी विषादी वा कुनै रसायनको प्रयोग गर्ने वा त्यसरी प्रयोग भएको वस्तु बिक्री गर्ने,
(ड) उपभोग्य वस्तु उपभोग गरिसक्नुपर्ने अवधि व्यतित भइसकेको वस्तु वा उपभोग गर्न नमिल्ने वस्तुमा नयाँ लेवल लगाई त्यस्तो वस्तु बिक्री गर्ने,
(ढ) उपभोग गर्न नसकिने गुणस्तरहीन वस्तु पैठारी, उत्पादन वा बिक्री गर्ने,
(ण) उत्पादक, आपूर्तिकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता वा विक्रेता वा त्यस्ता व्यक्ति र अन्य व्यक्ति, संघ संस्थाको मिलेमतोबाट लागेको लागत र तोकिएभन्दा बढी मूल्य निर्धारण गर्ने वा बिक्री गर्ने,
(त) कुनै उपभोग्य वस्तु वा सेवा बिक्री गर्दा तोकिएको व्यापारिक तहभन्दा बढी तह वा शृंखला खडा गरी बिक्री वा प्रदान गर्ने,
(थ) कुनै उपभोग्य वस्तु वा सेवा बिक्री वा प्रदान गर्न कुनै संरचना, मानक वा मापदण्ड तोकिएकोमा त्यस्तो संरचना, मानक वा मापदण्ड पूरा नगरी बिक्री गर्ने,
(द) कुनै वस्तु वा सेवा बिक्री वा प्रदान गर्न कुनै संरचना, मानक वा मापदण्ड तोकिएकोमा त्यस्तो संरचना, मानक वा मापदण्ड पूरा नगरी बिक्री गर्ने ।

**११. बजारको तह निर्धारण सम्वन्धी व्यवस्थाः**

(१) नगरपालिकाले उपभोक्ता हक हित संरक्षण गर्न, बजारको नियम (मार्केट रुल) बमोजिम बजार व्यवस्थापन गर्न, बजारलाई स्वच्छ, सुलभ तथा पारदर्शी बनाउन तोकिएको कुनै पनि वस्तु वा सेवाको लागि बजार वा प्रदायकको तह निर्धारण गर्न सक्नेछ ।
(२) उपदफा (१) बमोजिम तोकिए भन्दा बढी तह कायम हुने गरी कसैले पनि वस्तु वा सेवाको बिक्री वितरण गर्न पाइने छैन ।

**१२. आपूर्ति व्यवस्थापनः** (१) नगरपालिका क्षेत्रमा आवश्यक वस्तु वा सेवाको बजार माग अनुसार आपूर्तिको व्यवस्थापन सम्बन्धित वस्तु वा सेवाको प्रदायक वा विक्रेतालेगर्नु पर्नेछ ।
(२) समितिले वस्तु वा सेवाको बजारमा माग अनुसार उत्पादन, आयात मौज्दात तथा भण्डारणको अवस्थाका सम्वन्धमा नियमित विश्लेषण गरी सोको आधारमा सम्बन्धित प्रदायक वा विक्रेतालाई आपूर्ति व्यवस्थापनका लागि आवश्यक व्यवस्थापन गर्नेछ ।
(३) नगरपालिका आफैंले वा सार्वजनिक निजी साझेदारी वा सहकारी वा अन्य कुनै व्यवस्थापनबाट नगरपालिका भित्र वस्तु र सेवाको आपूर्ति व्यवस्थापन गर्न सक्नेछ ।

(४) नगरपालिका वा समितिले मागेको वस्तु र सेवाको मौज्दात वा सञ्चय लगायतका विवरण तोकिएको समयभित्र सम्बन्धित प्रदायक वा विक्रेताले दिनुपर्नेछ ।

(५) अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति व्यवस्थालाई असहज बनाउने उद्देश्यले कसैले पनि कृत्रिम अभावको सिर्जना, जम्माखोरी, कृत्रिम मूल्यवृद्धि र नाफाखोरी जस्ता कार्य गर्नु गराउनु हँुदैन ।

(६) विपद् वा अन्य कुनै कारणले बजारमा दैनिक उपभोग्य अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति व्यवस्थामा गम्भीर संकट वा विचलनको अवस्था आएमा नगरपालिकाले त्यस्तो वस्तु वा सेवाको बजारलाई व्यवस्थापन नियन्त्रण गरी सहज आपूर्ति व्यवस्था नभए सम्मको लागि कुनै निजी, सार्वजनिक संस्था वा सहकारी मार्फत त्यस्तो वस्तु र सेवाको बिक्री वितरण व्यवस्था गराउन सक्नेछ ।

(७) आपूर्ति व्यवस्थापनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**१३. वस्तु र सेवाको बिक्रीस्थल सम्बन्धी व्यवस्थाः** (१) नगरपालिका क्षेत्रभित्र वस्तु वा सेवाको व्यापार व्यवसाय गर्दा दर्ता वा अनुमति प्राप्त गरेको स्थलमा बाहेक अन्यत्र सेवा सञ्चालन तथा वस्तुको बिक्री वितरण गर्न, गराउन पाइने छैन ।

(२) प्रदायकले तोकिएको स्थल बाहेक अन्यत्र वा निषेधित क्षेत्रमा सेवा वा वस्तुको बिक्री वितरण गर्न गराउन पाईने छैन ।

(३) वस्तुवा सेवा सञ्चालन वा बिक्री वितरणसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**१४. सुपथ मूल्यको पसलको स्थापना तथा सञ्चालन गर्नेः** (१) नगरपालिकाले दैनिक उपभोग्य वस्तुहरूको सहज र सुपथ उपलब्धताका लागि सार्वजनिक, सहकारी तथा निजी क्षेत्रसँगको सहकार्यमा सुपथ मूल्यका पसलको स्थापना तथा सञ्चालन गर्न गराउन सक्नेछ ।

(२) सुपथ मूल्यको पसलको मालवस्तुलाई कसैले पनि वढी मूल्यमा बिक्री गर्न गराउन पाइने छैन ।

(३) सुपथ मूल्यसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**१५. स्थान र समय निर्धारण गर्न सक्नेः** (१) नगरपालिकाले वस्तु वा सेवा वा प्रदायकको बिक्री वितरणका लागि कुनै निश्चित स्थान वा समय निर्धारण गर्न वा सोसम्बन्धी पूर्वाधार निर्माण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थान, समय निर्धारण वा पूर्वाधार निर्माण गर्दा एकीकृत बजार वा एकै प्रकारका फर्म, पसल, कम्पनी, उद्योग व्यवसायलाई एकै ठाउँमा सञ्चालन गर्ने गरी दर्ता वा अनुमति प्रदान गरी व्यवस्थापन गर्न सक्नेछ ।

(३) स्थान वा समय निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१६. वातावरण सफा र स्वच्छ राख्नुपर्नेः** (१) नगरपालिका क्षेत्रमा कारोबार गर्ने वस्तु वा सेवाका प्रदायकले नगरपालिका क्षेत्रको सरसफाइ र स्वच्छतामा हानि, नोक्सानी गर्ने कुनै पनि गतिविधि सञ्चालन गर्न पाइने छैन ।

(२) कारोबार स्थल, सडक, बाटो सफा राख्नु तथा आफूले उत्सर्जन गरेको फोहोरको उचित व्यवस्थापन गर्नु सम्बन्धित प्रदायकको कर्तव्य हुनेछ ।

## परिच्छेद -५
## अत्यावश्यक वस्तु र सेवाको सूची र मूल्य निर्धारणसम्वन्धी व्यवस्था

**१७. अत्यावश्यक वस्तु र सेवाको सूची र मूल्य निर्धारणसम्बन्धी व्यवस्थाः** (१) नगरपालिकाले समय समयमा अत्यावश्यक वस्तु वा सेवाको सूची निर्धारण वा अधिकतम्‌उपभोक्ता मूल्य निर्धारण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बिक्रीमा राखिएका माल सामानको बिक्रीका मूल्य निर्धारण गर्न सम्बन्धित क्षेत्रको प्रतिनिधित्व हुने गरी क्षेत्रगतरुपमा फरक-फरक वा संयुक्त मूल्य सूची निर्धारण समिति गठन गरीनेछः र उक्त समितिको काम कर्तव्य अधिकार देहायबमोजिम हुनेछ ।

(क) मूल्य सूची राखे नराखेको निरिक्षण गर्ने ,

(ख) मूल्य सूची निर्धारण गर्ने ,

(ग) मूल्य सूची नराखेको भए राख्न लगाई नियमित गर्ने,

(घ) विक्रेता आफैले मूल्य सूची टाँस्न पाउने कस्मेटिक र एक दरका सामानको विल अनुसार निश्चत नाफा राखि मूल्य सूचीको स्टिकर टाँसे नटाँसेको निरिक्षण गर्ने । साथै सोही बमेजिम स्टिकर टाँस्न लगाउने

(ङ) स्टिकर नटाँसेमा सचेत गर्ने पून सो कार्य दोहोऱ्याएमा कारबाहीका लागि नगरपालिकामा सिफारिस गर्ने ।

(३) उपदफा (२) बमोजिम गठित समितिले निर्धारण गरेको मूल्य सार्वजनिक रुपमा सबैले देख्ने गरी बोर्डमा लेख्नु पर्नेछ । त्यसको एक प्रति नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(४)तोकिएको अधिकतम मूल्य भन्दा बढी हुने गरी कसैले पनि वस्तु वा सेवा बिक्री गर्न पाइने छैन।

(५) वस्तु वा सेवाको सूची र अधिकतम उपभोक्ता मूल्यसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**१८. मूल्य सूची तथा दर्ता प्रमाणपत्र राख्नुपर्ने सम्बन्धी व्यवस्थाः** (१) वस्तु वा सेवाका प्रदायकले पसलमा रहेको प्रत्येक उपभोग्य वस्तुको कारखाना मूल्य तथा विक्रेताले बिक्री वितरण गर्ने प्रत्येक वस्तुको थोक वा खुद्रा मूल्य र सेवा प्रदायकले प्रदान गर्ने सेवाको शुल्क स्पष्ट रूपमा उल्लेख गरी मूल्यसूची राख्नु पर्नेछ ।

(२) उत्पादक वा विक्रेता वा सेवा प्रदायकले खरिद बिक्रीसम्वन्धी बिल बिजक दुरुस्त राख्नुपर्नेछ ।

(३) वस्तु वा सेवाको बिल वा बिजक नगरपालिका, समिति, अनुगमन टोली र निरीक्षण अधिकृतले मागेका बखत उपलब्ध गराउनु पर्नेछ ।

(४) वस्तु वा सेवा बिक्री गर्दा उपभोक्तालाई विक्रेताले बिल दिनु पर्नेछ ।

## परिच्छेद -६
## गुणस्तर सम्बन्धी व्यवस्था

**१९. गुणस्तरहीन वस्तु र सेवाको बिक्री वितरण गर्न नहुनेः** कसैले पनि नगरपालिका क्षेत्रभित्र गुणस्तरहीन वस्तु र सेवाको उत्पादन, पैठारी तथा बिक्री वितरण गर्न हुँदैन। गुणस्तरहीन वस्तु भन्नाले देहायको कुनै अवस्था भएकोवा रहेको उपभोग्य वस्तु सम्झनुपर्छः

(१) तोकिएको भन्दा कम गुणस्तर भएको वा त्यस्तो वस्तुमा हुनुपर्ने आवश्यक तत्व वा पदार्थको परिमाण घटाइएको वा अर्को कुनै पदार्थको मिसावट गरिएको,

(२) मानव स्वास्थ्यलाई हानि हुने गरी सडेको, गलेको वा फोहोरमैला वा विषादी मिश्रण गरी तयार गरिएको वा स्वास्थ्यलाई हानि हुने कुनै रसायन, रङ वा सुगन्ध प्रयोग गरिएको,

(३) त्यस्तो वस्तुको केही वा सबै भाग कुनै रोगी वा रोगकारक पशुपंक्षी वा हानिकारक वनस्पतिबाट बनाइएको,

(४) तोकिएको मापदण्ड पूरा नगरी उत्पादन, ढुवानी, सञ्चय, भण्डारण वा बिक्री गरिएको,

(५) उपभोग्य वस्तुको गुणस्तर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा उत्पादक वा पैठारीकर्ता वा विक्रेताले तोके बमोजिमको गुणस्तर नभएको ।

**२०. लेबल र उपभोग्य म्यादसम्बन्धी व्यवस्थाः** (१) नगरपालिका भित्र प्रचलित कानून बमोजिम लेबल भएको वस्तुमात्र उत्पादन, पैठारी, ढुवानी, भण्डारण, तथा बिक्रीको लागि राख्नु पर्नेछ ।

(२) गुणस्तरहीन वस्तु वा म्याद गुजेका वस्तु फिर्ता गर्ने, नष्ट गर्ने समेतका दायित्व सम्बन्धित प्रदायकको हुनेछ ।

## परिच्छेद -७
## समिति र बजार अनुगमन टोलीको गठन तथा काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था

**२१. बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिः** (१) ऐन कार्यान्वयन गर्न नगरपालिका भित्र देहायबमोजिमको बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिको गठन हुनेछः

(क) उप-महानगरपालिकाको उपप्रमुख - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) नगर प्रमुखले तोकेको कुनै एक कार्यपालिका सदस्य - सदस्य

(घ) जिल्ला प्रशासन कार्यालय प्रतिनिधि (अधिकृत स्तर) - सदस्य

(ङ) नेपाल पत्रकार महासंघको अध्यक्ष वा प्रतिनिधि -सदस्य

(च) स्थानीय प्रहरी कार्यालयको अधिकृस्तरको प्रतिनिधि -सदस्य

(छ) उप-महानगरपालिकाको क्षेत्रभित्र कार्यरत विषयगत कार्यालयका प्रतिनिधि (अधिकृत स्तर)- सदस्य

(ज) उद्योग वाणिज्य संघ लगायत सम्बन्धित व्यावसायिक संघ संगठनका प्रतिनिधि दुई जना -सदस्य

(झ) उपभोक्ता हित संरक्षणसम्बन्धी संस्थाको नगर प्रतिनिधि - सदस्य

(ञ) उप-महानगरपालिकाको उपभोक्ता हित संरक्षण हेर्ने शाखाका प्रमुख वा निरीक्षण अधिकृत - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको नियुक्ति र पदावधि तथा समितिको बैठकसम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**२२. समितिका काम कर्तव्य र अधिकारः** (१)समितिका काम कर्तब्य र अधिकार देहायबमोजिम हुनेछः

(क) उपभोक्ता हित संरक्षण तथा स्वच्छ बजार व्यवस्थापन सम्बन्धी आवश्यक नीतिगत व्यवस्था गर्ने,

(ख) बजारलाई स्वच्छ र प्रतिस्पर्धी बनाउन उपभोक्ताको हकहितमा प्रतिकूल असर पर्ने वा पर्न सक्ने एकाधिकार वा अनुचित व्यापारीक क्रियाकलापको रोकथाम र नियन्त्रण गर्ने वा त्यस सम्बन्धमा कार्य योजना बनाई लागू गर्ने,

(ग) अत्यावश्यक वस्तुहरूको माग र आपूर्तिको अवस्था सम्बन्धी तथ्यांक संकलन गरी माग बमोजिम आपूर्ति व्यवस्था सहज र सुलभ बनाउन आवश्यक कार्य गर्ने,

(घ) आपूर्ति व्यवस्थालाई सहज, सुलभ र पहुँचयोग्य बनाउन सार्वजनिक संस्था, सहकारी र निजी क्षेत्रलाई प्रोत्साहन गर्ने,

(ङ) उपभोक्ताको हित संरक्षण गर्न आपूर्ति व्यवस्था र उपभोग्य वस्तु वा सेवाको छड्के अनुगमन गर्ने,

(च) उपभोक्ता शिक्षासम्बन्धी सचेतना र बजार अनुगमनको कार्ययोजना तयार गर्ने लागू गर्ने,

(छ) उपभोक्ताको गुनासो तथा सूचना प्राप्त गर्न नगर उपभोक्ता हटलाइन जस्ता सेवा सञ्चालन गरी उपभोक्तालाई गुनासो गर्न सहज सुलभ बनाई तिनलाई जायज गुनासो गर्न प्रोत्साहन तथा पुरस्कृत गर्ने,

(ज) बजार अनुगमनसम्बन्धी कामको मूल्यांकन गरी अनुगमन टोलीलाई आवश्यक निर्देशन गर्ने,

(झ) धनगढी उप-नगरपालिका नगर कार्यपालिकाले दिएको अन्य निर्देशन र आदेशको कार्यान्वयन गर्ने, गराउने,

(ञ) उपभोक्ता हितविपरीत भएका कार्यमा आवश्यक कानूनी कारबाहीको लागि निरीक्षण वा अनुसन्धान अधिकृत तोक्ने,

(ट) नगरपालिका भित्र खपत हुने उपभोग्य वस्तु वा सेवाको माग र आपूर्ति स्थितिको निरन्तर विश्लेषण तथा समीक्षा गरी माग अनुसारको आपूर्ति व्यवस्थापन गर्ने, गराउने,

(ठ) वस्तु वा सेवाका उत्पादक, विक्रेता वा वितरकहरूले अवाञ्छित तरिकाले गरेको मूल्यवृद्धिलाई रोक्न र नियन्त्रण गर्न आवश्यक व्यवस्था गर्ने,

(ड) उपभोक्तालाई उचित मूल्य र सहज रूपमा खाद्यान्न लगायतका अन्य दैनिक उपभोग्य वस्तुको आपूर्ति सुनिश्चित गर्न नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्था वा निजी फर्म वा कम्पनीलाई प्रोत्साहित गर्ने,

(ढ) कुनै ठाउँ विशेषको लागि कुनै वस्तु वा सेवाको निश्चित अवधिका लागि अधिकतम मौज्दातको परिमाण तोक्ने,

(ण) नगरपालिका क्षेत्रभित्र उत्पादित कुनै खाद्यवस्तुको अभाव भएमा त्यस्तो खाद्य वस्तुको निश्चित परिमाण निर्धारण गरी तोकिएको वा उचित मूल्यमा उत्पादक, भण्डारक, आयातकर्ता वा विक्रेताबाट खाद्य वस्तु प्राप्त गरी सर्वसाधारणलाई बिक्री वितरणको व्यवस्था गर्ने,

(त) थोक वा खुद्रा व्यवसायलाई व्यवस्थित गर्न त्यस्ता व्यवसायसँग सम्बन्धित व्यापारिक फर्म वा कम्पनीको नाम, ठेगाना, उपभोग्य वस्तुको मौज्दात लगायत अन्य आवश्यक विवरण खुलाउन लगाई उचित मूल्यमा एकरूपता कायम गर्न आवश्यक व्यवस्था गर्ने,

(थ) उपभोक्ताको हकहित संरक्षण गर्न र आपूर्ति व्यवस्थालाई नियमित गर्नको लागि कुनै उपभोग्य वस्तु वा सेवाको कृत्रिम अभाव हुन नदिन वा सबै ठाउँमा नियमित रूपमा उपभोग्य वस्तु वितरण गर्न सम्बन्धित निकायहरूसँग समन्वय गर्ने,

(द) उपभोग्य वस्तुको बिक्री वितरण प्रणालीलाई नियमित गर्ने र अनुपयुक्त तवरले अभाव सिर्जना गर्ने वा कालोबजारी गर्ने काम वा अनुचित व्यापारिक क्रियाकलापलाई नियन्त्रण गर्ने,

(ध) आवश्यकता अनुसार छड्के सुपरिवेक्षण तथा अनुगमन गरी कारबाही गर्ने,

(न) आवश्यकता अनुसार बजार अनुगमन समिति, बजार अनुगमन टोली, विषयगत अनुगमन टोली वा संयुक्त बजार अनुगमन टोली गठन गर्ने,

(प) उप-महानगरपालिकाको आवश्यकता अनुसार केन्द्रीय, प्रदेश स्तरीय बजार अनुगमन समिति तथा विभिन्न विषयगत अनुगमन समितिहरूलाई बजार अनुगमन गर्न सहजीकरण गर्ने वा लेखी पठाउने ।

(फ) समितिका अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(२) समितिले छड्के सुपरिवेक्षण तथा अनुगमन गर्दा यस ऐनको व्यवस्था प्रतिकूल कसैबाट काम कारबाही भएको पाइएमा सुपरिवेक्षण तथा अनुगमन गरिएको फाइलसाथ आवश्यक कारबाहीका लागि सम्वन्धित निकायमा पठाउनु पर्नेछ ।

(३) सम्बन्धित निकायले पनि सो सम्बन्धमा भएको काम कारबाहीको जानकारी समितिलाई गराउनु पर्नेछ ।

(४) समितिले बजार छड्के अनुगमन गर्दा यस ऐन बमोजिम निरीक्षण अधिकृतलाई प्राप्त सम्पूर्ण अधिकार प्रयोग गर्न सक्नेछ ।

**२३. बजार अनुगमन टोलीको गठनः** (१) यस ऐनबमोजिम अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप भए नभएको, मूल्यसूची राखे नराखेको, वस्तु वा सेवाको गुणस्तर, मूल्य, परिमाणका सम्बन्धमा नियमित रूपमा बजार अनुगमन तथा निरीक्षण गर्न देहाय बमोजिमको धनगढी नगरपालिका बजार अनुगमन टोली गठन हुनेछ ।

(क) उपभोक्ता हित संरक्षण शाखा प्रमुख - संयोजक

(ख) सम्बन्धित वडा समितिको प्रतिनिधि - सदस्य

(ग) स्थानीय प्रशासनको प्रतिनिधि -सदस्य

(घ) स्थानीय सुरक्षा निकायको प्रतिनिधि - सदस्य

(ङ) समितिले मनोनयन गरेको नगरमा क्रियाशील उपभोक्ता हित संरक्षणसँग सम्बन्धित संस्था मध्येबाट एक जना महिलासहित दुई जना -सदस्य

(च) उद्योग वाणिज्य संघ र सम्बन्धित व्यावसायिक संघ संगठनको प्रतिनिधि दुई जना - सदस्य

(छ) नेपाल पत्रकार महासंघको स्थानीय प्रतिनिधि एक जना - सदस्य

(ज) सम्बन्धित वस्तु वा सेवा क्षेत्रको विज्ञ वा जानकार प्रतिनिधि एक जना - सदस्य

(झ) संयोजकले तोकेको कर्मचारी - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित बजार अनुगमन टोलीले अनुगमन गर्दा यस ऐन बमोजिम निरीक्षण अधिकृतलाई प्राप्त सम्पूर्ण अधिकार प्रयोग गर्न सक्नेछ ।

(३) बजार अनुगमन टोलीको काम कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

(४) समिति र अनुगमन टोलीको बैठक तथा सेवा सर्त सुविधा र भत्ता सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२४. बजार अनुगमनमा हेर्नुपर्ने विषयः** (१) बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा अनुसूची १ बमोजिमका विषय भए नभएको हेर्नुपर्नेछ ।

(२) बजार अनुगमनकर्ताले अनुगमन तथा निरीक्षण कार्य गर्दा देहायको विषयमा ध्यान दिनु पर्नेछ

(क) अनुगमन भ्रमणको टिपोट सम्बन्धी फारम साथ लिई जानु पर्नेछ ।

(ख) अनुगमन भ्रमणसम्बन्धी सूची (चेक लिस्ट) साथ लिई जानु पर्नेछ ।

(ग) स्थानीय प्रशासन र प्रहरीलाई अनुगमनपूर्व वा अनुगमनपछि सूचना गर्न तयारी गर्नुपर्नेछ ।

(घ) अत्यावश्यक वस्तु तथा सेवामध्ये कुन कुन विषयलाई पहिलो प्राथमिकतामा राख्ने भन्ने किटान गरी विषयसूची तयार गर्नुपर्नेछ ।

(ङ) वस्तु तथा सेवाको आपूर्ति, बिक्री वितरण, मूल्य, गुणस्तर, भण्डार आदिको बारेमा पर्याप्त सूचना र जानकारी हासिल गर्नु पर्नेछ ।

(च) अनुगमन वा निरीक्षण गर्न जानु अगावै तालिका बनाई आवश्यक पर्ने साधन, सहयोग आदिको पूर्वतयारी गर्नु पर्नेछ ।

(छ) आकस्मिक/आवधिक/प्रवद्र्धनात्मक/उद्देश्यमूलक अनुगमन गर्ने सम्बन्धमा निरीक्षण पूर्वको गोपनीयता कायम गर्नुपर्नेछ ।

(ज) अन्य तोकिएबमोजिमका कुराहरू ।

(३) अनुगमनकर्ताले अनुगमनका क्रममा प्रदायकसँग तोकिए बमोजिमको व्यवहार गर्नुपर्नेछ ।

(४) बजार अनुगमनको क्रममा भए गरेका क्रियाकलापको प्रतिवेदन अनुगमन भएकै दिन वा अर्कोदिन कार्यालय समयमा प्रमुख प्रशासकीय अधिकृत मार्फत उपभोक्ता हित संरक्षण समितिमा पेश गर्नुपर्नेछ ।

(५) अनुगमन सम्बन्धी अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

**२५ आचारसंहिताः** अनुगमन गर्दा तोकिए बमोजिम आचारसंहिता पालना गर्नुपर्नेछ ।

## परिच्छेद ८
## निरीक्षण अधिकृतसम्बन्धी व्यवस्था

**२६. निरीक्षण अधिकृतः** (१) नगरपालिकाले प्रचलित कानून वा यस ऐन वा तोकिए बमोजिमको बजार अनुगमन, अनुसन्धान तहकिकात लगायतका काम गर्न उपभोक्ता हित संरक्षण शाखा प्रमुख निरीक्षण अधिकृत हुनेछ ।

**२७. निरीक्षण अधिकृतको काम, कर्तव्य र अधिकारः** निरीक्षण अधिकृतको अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(१) उपभोग्य वस्तुको उत्पादन, बिक्री वितरण गर्ने वा कुनै सेवा प्रदान गरेको ठाउँमा स्थलगत अनुगमन गर्ने,

(२) उपभोग्य वस्तुको उत्पादन, बिक्री वितरण गर्ने वा सेवा प्रदान गर्ने व्यक्तिसँग आवश्यक विवरण वा जानकारी लिने,

(३) उपभोग्य वस्तुको उत्पादन, बिक्री वितरण गर्ने वा कुनै सेवा प्रदान गर्ने व्यक्तिसँग वा सोसँग सम्बन्धित अन्य व्यक्तिसँग आवश्यक बयान लिने,

(४) कुनै उपभोग्य वस्तुको परीक्षण गर्न आवश्यक देखिएमा आवश्यक पर्ने परिमाणमा नमुना लिई प्रयोगशालामा परीक्षण गर्न लगाउने,

(५) कुनै उपभोग्य वस्तु वा सेवाको तत्काल उत्पादन, बिक्री वितरण वा सेवा प्रदानमा रोक लगाउन आवश्यक देखिएमा सो रोक लगाउने,

(६) कुनै उपभोग्य वस्तुको परीक्षण गर्न आवश्यक देखिएको कारणबाट त्यसको परीक्षणको लागि नमुना लिइएकोमा प्रयोगशालाबाट नमुनाको परीक्षण भई नआएसम्मको लागि त्यस्ता वस्तुको बिक्री वितरणमा रोक लगाउने,

(७) निरीक्षण वा जाँचबुझको सिलसिलामा उत्पादक वा विक्रेतालाई तत्काल कुनै आदेश लिन उपयुक्त देखिएमा सो आदेश दिने,

(८) आवश्यकतानुसार अनुगमनका क्रममा उत्पादनस्थल, गोदाम र पसलको खानतलासी गर्ने,

(९) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

**२८. निरीक्षण अधिकृतले अपनाउनुपर्ने कार्यविधिः** निरीक्षण अधिकृतले निरीक्षण जाँचबुझ वा खानतलासी गर्दा अपनाउनुपर्ने कार्यविधि प्रचलित कानून बमोजिम वा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-९
## कसुर र सजायसम्बन्धी व्यवस्था

**२९. कसुर गरेको मानिनेः** कसैले देहायको कामकारबाही गरे गराएमा यस ऐन अन्तर्गतको कसुर गरेको मानिनेछः

(क) दफा ६ (१) र (२) विपरीत दर्ता वा अनुमति नलिई कारोवार सञ्चालन गरे, गराएमा ।

(ख) दफा ७ बमोजिम नबीकरण नगरी कारोवार सञ्चालन गरे, गराएमा ।

(ग) दफा ९ बमोजिम गुणस्तर वा मापदण्ड पूरा नगरी कारोवार सञ्चालन गरे, गराएमा ।

(घ) दफा १० बमोजिम अनुचित व्यापारिक क्रियाकलाप गरे, गराएमा ।

(ङ) दफा ११ (२) बमोजिम तोकिएभन्दा बढी बजार तह कायम गरी बिक्री बितरण गरे, गराएमा ।

(च) दफा १२ (४) बमोजिम कसैले पनि कृत्रिम अभावको सिर्जना, जम्माखोरी, कृत्रिम मूल्यवृद्धि र नाफाखोरीजस्ता कार्य गरे, गराएमा ।

(छ) दफा १३ (१) बमोजिम नगरपालिका क्षेत्रभित्र वस्तु वा सेवाको व्यापार व्यवसाय गर्दा दर्ता वा अनुमति प्राप्त गरेको स्थलमा बाहेक अन्यत्र सेवा सञ्चालन तथा वस्तुको बिक्री वितरण गरे, गराएमा

(ज) दफा १३ (२) बमोजिम प्रदायकले तोकिएको स्थल बाहेक अन्यत्र वा निषेधित क्षेत्रमा सेवा वा वस्तुको बिक्री वितरण गरे, गराएमा ।

(झ) दफा १४ (२) बिपरीत बढी मूल्यमा बिक्री गरे गराएमा ।

(ञ) दफा १६ (१) बमोजिम प्रदायकले वातावरण स्वच्छ र सफा नराखेमा ।

(ट) दफा १८ बमोजिमका कार्य पुरा नगरेमा ।

(ठ) दफा १९ (१) बमोजिम गुणस्तरहीन वस्तु र सेवाको उत्पादन, पैठारी तथा बिक्री वितरण गरे, गराएमा ।

**३०. जरिवानासम्बन्धी व्यवस्थाः** (१) कसैले दफा २९ अन्तर्गत कसुर गरे, गराएमा कसुरको मात्रा हेरी निरीक्षण अधिकृतले देहाय बमोजिम जरिवाना गर्न सक्नेछः

(क) खण्ड (क), (ग) र (ङ) बमोजिमको कसुर गर्ने वा गराउनेलाई एक हजार रुपैयाँ देखि पाँच हजार रुपैयाँसम्म ।

(ख) खण्ड (ख), (छ),(ज), (झ) बमोजिमको कसुर गर्ने वा गराउनेलाई एक हजार रुपैयाँ देखि पाँच हजार रुपैयाँसम्म ।

(ग) खण्ड (घ), (च) ,(ज) र (ट) र (ठ) बमोजिमको कसुर गर्ने वा गराउनेलाई पाँच हजार रुपैयाँ देखि पच्चिस हजार रुपैया सम्म ।

(२) निरीक्षण अधिकृतले यस दफा बमोजिम जरीवाना गर्नुपर्ने कारण र जरीवाना गरेको रकम लगायतको सम्पूर्ण विवरण खुलाई तीन दिनभित्र समितिलाई जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम जरीवाना गर्ने गरी निर्णय भएको मितिले सात दिनभित्र सो जरीवाना नतिर्ने, नबुझाउने प्रदायक विरुद्ध निरीक्षण अधिकृतले देहायको कार्य गर्न सक्नेछ

(क) जरीवाना भएको रकम नबुझाएसम्म त्यस्तो वस्तु वा सेवा सिलबन्दी गरेर राख्ने,

(ख) जरीवाना भएको रकम नबुझाएसम्म त्यस्तो वस्तु वा सेवाको उत्पादन, ढुवानी, पैठारी वा बिक्री गर्ने अन्य वस्तुसमेत रोक्का राख्ने,

(४) यस दफा बमोजिम निरीक्षण अधिकृतले गरेको निर्णय उपर चित्त नबुझेमा निर्णय भएको मितिले १५ दिनभित्र नगर प्रमुख समक्ष पुनरावेदन गर्न सक्नेछ र नगर प्रमुखको निर्णय अन्तिम हुनेछ ।

(५) माथि उल्लेखित दफाहरूमा जेसुकै कुरा लेखिएता पनि बजार अनुगमनका क्रममा गम्भीर प्रकृतिको कसुरमा बाहेक कम जरीवाना सम्म हुनसक्ने सामान्य प्रकृतिका कसुरमा निरीक्षण अधिकृतले गरेको जरीवानामा कसुरदारले कसुर स्वीकार गरी सुधार गर्ने प्रतिबद्धता जनाएमा समितिले सुधार गर्ने मौका प्रदान गरी जरीवाना कम वा मिनाहा गर्न सक्नेछ ।

**३१. सजायसम्बन्धी अन्य व्यवस्थाः** (१) दफा ३० मा उल्लिखित जरीवानासम्बन्धी व्यवस्था बाहेकको कसुरमा प्रचलित नेपाल कानून बमोजिम सजाय हुनेछ ।

(२) यस ऐन बमोजिम गरिएको जरीवानाले प्रचलित कानून बमोजिम सजाय गर्न बाधा पुऱ्याएको मानिने छैन ।

## परिच्छेद-१०
## उजुरी तथा तहकिकात सम्बन्धी व्यवस्था

**३२. उजुरी दिन सक्नेः** (१) यस ऐन वा यस ऐन अन्तर्गतको नियम विपरीत कुनै प्रदायकले कुनै कसुर गरेको देखेमा उपभोक्ताले नगरपालिका वा समिति वा टोली वा निरीक्षण अधिकृतसमक्ष उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निकाय वा अधिकारीले उजुरी वा सार्वजनिक सञ्चार माध्यमबाट प्राप्त सूचनालाई उजुरीको रूपमा ग्रहण गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम प्राप्त उजुरी वा सूचना वा अन्य कुनै सरकारी निकायबाट अनुगमनको लागि लेखी आएमा समिति वा टोलीले एक आपसमा समन्वय गरी अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा प्रदायकले यस ऐनको विपरीत व्यापारिक क्रियाकलाप गरेको पाइएमा तत्काल कारबाही चलाउनेछ ।

(५) उपदफा (४) बमोजिम अनुगमन टोलीले गरेको काम कारबाहीमा चित्त नबुझेमा प्रदायकले समिति समक्ष लिखित रूपमा उजुरी दिन सक्नेछ ।

**३३. पुरस्कारः**

१) दफा १० अनुसार र नगर क्षेत्रमा निषेधित प्लाष्टिकजन्य वस्तुहरु उत्पादन, बिक्री बितरण, आयात, निर्यात, भण्डारण तथा प्रयोग गरेको सूचना गर्ने व्यक्ति, जफत गर्ने कार्यमा संग्लग्न अनुगमन समितिका सदस्य तथा कर्मचारीलाई जरिवाना रकमको ५० प्रतिशत रकम मध्ये दामासाहीले पुरस्कार दिने।

२) दफा ३३ को १ बमोजिम सूचना गर्ने व्यक्तिको नाम, थर र ठेगाना गोप्य राख्ने ।

**३४. सम्बन्धित निकाय वा अधिकारीसमक्ष लेखि पठाउन सक्नेः**

(१) यस ऐन बमोजिमको अनुगमन वा उजुरीबाट प्रचलित कानून बमोजिम कुनै कसुर भएको वा भैरहेको वा हुन सक्ने सम्भावना समिति वा अनुगमन टोली वा निरीक्षण अधिकृतले देखेमा सम्बन्धित निकाय वा अधिकारीसमक्ष छानबिन र अनुसन्धानका लागि लेखि पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित निकाय वा अधिकारीसमक्ष लेखि पठाएको बिषयमा सम्बन्धित व्यक्तिले जानकारी माग गरेमा समिति वा अनुगमन टोली वा निरीक्षण अधिकृतले जानकारी गराउनु पर्नेछ ।

**३५. प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपुग्नेः** यस ऐन बमोजिम कसुर ठहर्ने कसुर अन्य कानूनबाट समेत कसुर ठहरिने रहेछ भने त्यस्तो कानून बमोजिम मुद्दा चलाउन बाधा पर्ने छैन ।

## परिच्छेद -११
## विविध

**३६. निर्देशन गर्ने सम्वन्धमाः** बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समिति र बजार अनुगमन टोलीलाई बजार व्यवस्थापन अनुगमन सम्वन्धमा नगर प्रमुखले आवश्यक निर्देशन दिन सक्नेछ र सो निर्देशन समिति र टोलीले पालना गर्नु पर्नेछ ।

**३७.समितिको कार्यक्रम तथा बजेटः** (१) नगरपालिकाले बजार व्यवस्थापन, अनुगमन तथा उपभोक्ता सचेतना अभिवृद्धिको लागि वार्षिक कार्यक्रम र बजेट विनियोजन गर्नेछ ।

(२) नेपाल सरकार तथा प्रदेश सरकारबाट बजार अनुगमन तथा व्यवस्थापन तथा उपभोक्ता हित संरक्षणको सचेतनाको लागि अनुदान प्राप्त भएमा उपदफा (१)बमोजिमको कार्यक्रममा समावेश गर्नेछ।

(३) नगरपालिकाले बजार व्यवस्थापन, अनुगमन तथा उपभोक्ता सचेतना अभिवृद्धिको लागि नेपाल सरकार, प्रदेश सरकार, सहकारी, निजी क्षेत्र, उपभोक्ता हित सरक्षणसँग सम्बन्धित संघसंस्थासँग साझेदारी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

**३८. स्थानीय प्रशासनको कर्तव्यः** समिति, बजार अनुगमन समिति वा टोली र निरीक्षण अधिकृतले बजार अनुगमनका क्रममा सहयोग माग गरेमा सुरक्षा लगायतका आवश्यक सहयोग उपलब्ध गराउनु स्थानीय प्रशासनको कर्तव्य हुनेछ ।

**३९. असल नियतले गरेका काम बचाउः** यस ऐनबमोजिम बजार अनुगमन गर्दा असल नियतले गरेका काममा अनुगमन गर्ने व्यक्ति उपर कुनै कारबाही हुने छैन ।

**४०.नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेः** (१) यस ऐनलाई कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) नगरपालिकाले यस ऐन र यस ऐनअन्तर्गत बनाएको नियमावली कार्यान्वयन गर्न आवश्यकताअनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

**४१. प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**४२. बचाउः** यस ऐनको उद्देश्य तथा बिषय क्षेत्रमा प्रचलित नेपाल कानून बमोजिम यस अघि भएका कार्यहरू यसै ऐन वमोजिम भएको मानिनेछ ।

## अनुसूची १
## (दफा २४ को उपदफा (१) सँग सम्बन्धित)

**बजार अनुगमन चेक लिष्ट**

(क) विक्रेता वा सेवाप्रदायकले नियामक निकायबाट कानून बमोजिम प्रदान गरिने गरेको व्यवसाय दर्ता प्रमाणपत्र, स्थायी लेखानम्बर (पान) को प्रमाणपत्र लगायतका आवश्यक कागजातहरू लिएको छ/छैन, प्रमाणपत्र नियमित रूपमा नवीकरण छ/छैन?

(ख) विक्रेता वा सेवाप्रदायकले आफ्नो व्यवसायको नगरपालिकाले तोकेबमोजिमको साइनबोर्ड राखेको छ/छैन?

(ग) सेवाप्रदायकले वस्तुको बिक्रीकक्षमा मूल्यसूची राखेको छ/छैन ?

(घ) माल, वस्तुको परिमाण, मूल्य, गुणस्तर र तौल ठीक छ /छैन?

(ङ) प्याकेजिङ गरिएको वस्तुको लेबलमा उत्पादक वा पैठारीकर्ताको नाम, उत्पादन मिति, उपभोग्य अवधि वा मिति, अधिकतम खुद्रा मूल्य, मिश्रण, भण्डारण र उपभोग गर्ने तरिका उल्लेख गरिएको छ/छैन ?

(च) औषधिबिक्री गर्न इजाजतप्राप्त व्यक्ति औषधि बिक्रीस्थलमा भए/नभएको एवं औषधि बिक्रेता प्रमाणपत्र छ /छैन?

(छ) उत्पादन मिति, उपभोग्य मिति केरमेट गरेको वा पुनः लेबलिङ वा छपाइ गरेको छ/छैन ?

(ज) माछामासु, फलफूल, तरकारी, मिठाई पसल, डेरी र होटेल वधशाला वा माछा, मासु बिक्रीस्थल सफासुग्घर र मापदण्ड अनुसार छ/छैन ?

(झ) विक्रेताले क्रेतालाई वस्तुको बिलबिजक जारी गरेको छ/छैन ?

(ञ) अन्य तोकिए बमोजिमका कुराहरू

आज्ञाले,

...............................

रामलाल श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

धनगढी उप-महानगरपालिका राजपत्र